स्वामीकार्तिक खापर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सुइजिउला वाई, बाजुरा
सुदुरपश्चिम प्रदेश नेपाल

प.सं.: ०७७।०७८
च.नं.

मिति:२०७७।०४।२१

## प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धीको सूचना
### प्रथम पटक प्रकाशित मिति २०७७।०४।२१

उपरोक्त सम्बन्धमा श्रम रोजगार तथा सामाजिक विकास मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) को प.स. २०७७।०७८ च.नं. २३ मिति २०७७।०४।१२ को पत्रानुसार यस गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रका लागि आवश्यक प्राविधिक सहायक पदमा निम्न बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध) दिन भित्र माग भए बमोजिमका विवरण र दरखास्त दस्तुर तिरेको रसिद सहित यस कार्यालयमा दरखास्त पेश गर्नुहुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवश्यक पद संख्या |
|---|---|---|---|---|
| १ | १/०७७/०७८ | प्राविधिक सहायक | पाँचौ | १ (एक) |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**

**क) योग्यता :** सिभिल इन्जिनिरमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तहमा उत्तीर्ण गरेको,

**ख) अनुभव :** कम्तिमा ३ महिने कम्प्युटर तालिम लिएको, पूर्वाधार निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्नसक्ने र दररेट निर्धारण गर्न सक्ने , आयोजनाको लक्ष्य र परिमाण हासिल गर्न समुहमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तिमा ६ (छ) महिनाको अनुभव भएको ।

**ग) उमेर :** कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको

**२. दरखास्त दिने स्थान :** स्वामीकार्तिक खापर गाउँपालिकाको कार्यालय

**३. दरखास्त दिने अन्तिम मिति :** २०७७ भदौ ०३ गतेसम्म कार्यालय समयभित्र

**४. आवेदन दस्तुर :** रु. १०००।- (अक्षरुपी एक हजार मात्र)

**५. छनौटको किसिम :** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा.

**६. आवेदन साथ संलग्न कागजातहरु :** आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरु

- नेपाली नागरिकताको प्रमाणपत्र
- न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

**७. सेवा सुविधा :** गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धि प्रक्रियाको दफा ११, १२,१३ बमोजिम हुनेछ ।

**८. पदले सम्पादित गर्नुपर्ने कार्यविवरण :** गाउँपालिकामा प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रकृयाको दफा (९) बमोजिम/कार्यालयले तोके बमोजिम ।

नोट : दरखास्त फारम गाउँपालिकाको कार्यालय वा गाउँपालिकाको **website : www.swamikartikmun.gov.np** मा उपलब्ध छ ।

२०७७।०४।२१
प्रमुख प्रशासकीय अधिकृत